# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, पौष १८ गते, २०८० साल (संख्या १**

**भाग १**

बेसीशहर नगरपालिका

नगर कार्यपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावना :** नेपालको संविधानको धारा, ५७ को उपधारा ४, धारा २२१, २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि हालसम्म बेसीशहर नगरपालिकाले बनाएका केही ऐनहरुमा संसोधन गर्न वाञ्छनीय भएकोले,

नगर सभाको १४औँ अधिवेसनले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "**बेसीशहर नगरपालिकाको केही ऐनहलाई संसोधन गर्न बनेको ऐन, २०८०**" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>बेसीशहर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४ मा संसोधन :</u>**

बेसीशहर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४ को

१) "दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क) नगर कार्यपालिकाको प्रमुख – संयोजक

(ख) नगरपालिकाका उप प्रमुख – उप संयोजक

(ग) सामाजिक विकास समिति संयोजक – सदस्य

(घ) नगरकार्यापालिकाका सदस्यहरुमध्येबाट नगर कार्यपालिकाले तोकेको एक/एक जना महिला र दलित गरि २ जना सदस्य – सदस्य

(ङ) नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एकजना – सदस्य

(च) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना – सदस्य

(छ) नगरपलिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यपकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुईजना – सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी – सदस्य

(झ) नगरपालिकाको शिक्षा शाखा हेर्ने अधिकृत – सदस्य सचिव"

२) मुल ऐनको दफा (१२) को उपदफा (१) मा "कार्यपालिका" भन्ने शव्द अगाडि **"नगर"** भन्ने शव्द थपिएको छ।

३) मुल ऐनको दफा (१४) को

१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:–

(क) समितिका सदस्यहरुले (ख), (ग) र (घ) मध्येवाट छानेको व्यक्ती १ जना - अध्यक्ष

(ख) विद्यालयका अभिभावकले स्वयम मध्येवाट छनौट गरेको १ जना महिला सहित ४ जना – सदस्य

(ग) सम्वन्धित वडाको वडाअध्यक्ष वा निजले तोकेको एकजना जनप्रतिनिधी – सदस्य

(घ) नगर शिक्षा समितिले मनोनित गरेको स्थानिय शिक्षाप्रेमी र बुद्धिजिवि मध्ये १ जना – सदस्य

(ङ) विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको विद्यालयका संस्थापक, जग्गादाता, चन्दादाता, शिक्षाप्रेमी, स्थानिय बुद्धिजिवि लब्धप्रतिष्ठित मध्येबाट १ जना – सदस्य

(च) शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना- सदस्य

(छ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(ज) आधारभुत (१-८) र माध्यामिक विद्यालयको हकमा मात्र १ जना विद्यार्थी प्रतिनिधि आमन्त्रीत
- सदस्य"

(झ) उपदाफा १ को (क) वमोजिम अध्यक्ष चयन नहुन्जेल सम्म समितिको जेष्ठ सदस्यले विद्यालय ब्यवस्थापन समितिको अध्यक्षको हैसियतले काम गर्नेछ।

(४) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समितिको सदस्य हुन एस्.एल.सी वा सो सरह उर्त्तीण गरेको हुनुपर्ने।

(५) उपनियम (१) को खण्ड (१) वमोजिम सर्वसम्मत नभै निर्वाचन गर्नु पर्दा खण्ड (ख), (ग) र (घ) का सदस्यले मात्र मताधिकार प्रयोग गर्ने अधिकार हुनेछ।

(६) विद्यालय व्यवस्थापन समितिको कार्य अवधी ३ वर्षको हुनेछ।

**३. <u>नगर युवा परिषद ऐन २०७९ मा संसोधन</u> :** बेसीशहर नगरपालिकाको युवा परिषद ऐन २०७९ को,

१) मुल ऐनको दफा (५) को,

(क) उपदफा (५) मा **स्नातक** तहको सट्टा **+२ वा सो सरह** र **पाँच** बर्षको सट्टा **३(तिन)** वर्ष राखिएको छ।

(ख) उपदफा (६) मा १२ को सट्टा SEE राखिएको छ।

२) मुल ऐनको दफा (८) को,

क) उपदफा (२) को (घ) मा परिषद्को **वरिष्ठतम् कर्मचारी** – सदस्य–सचिव भन्ने शब्दहरुको सट्टा **नगरपालिकाले तोकेको कर्मचारी** – सदस्य–सचिव भन्ने शब्दहरु राखिएका छन्।

**४· <u>सहकारी ऐन २०७४ मा संसोधन</u> :** वेसीशहर नगरपालिकाको सहकारी ऐन २०७४ को,

१) "१) मुल ऐनको दफा (२) को ङ मा **सदस्यता प्राप्त** भन्ने शब्दहरुको सट्टा सम्बन्धित सहकारी संस्थाको **कम्तिमा १ शेयर खरिद गरी सदस्यता प्राप्त** भन्ने शब्दहरु राखिएका छन्।

२) मुल ऐनको दफा २२ उपदफा १ मा संस्था शब्दको सट्टा सहकारी संस्था भन्ने शब्दहरु राखिएका छन्।

३) मुल ऐनको दफा २२ उपदफा (२) मा "संस्थामा" शव्द अगाडी "सहकारी" शब्द थप गरिएको छ।

६· **बेसीशहर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ मा संसोधन :** बेसीशहर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को,

"(१) मुल ऐनको प्रस्तावनामा नेपालको संविधानको **धारा २२२** को सट्टा **धारा २२३** र **धारा २२३** को सट्टा **धारा २२६** राखिएका छन्।

(२) मुल ऐनको परिच्छेद १ को दफा १ मा यस कानूनको नाम “बेसीशहर नगरपालिकाको आर्थिक **कार्यविधि कानून**, २०७४” रहेको छ भन्ने शब्दहरुको सट्टा बेसीशहर नगरपालिकाको आर्थिक **कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन**, २०७४ भन्ने शब्दहरु राखिएका छन्।

(२) यस ऐनमा “ यस कानुन” भनिएका शब्दहरुका सट्टा “ यस ऐन” भन्ने शब्द राखिएका छन्।

(३) दफा (५) उपदफा (५) मा नगरपालिकापछि “**वाट**” शव्द थपिएको छ।

(४) दफा (६) को उपदफा (१) मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी पछिका शव्दहरु संसोधन गरि **नगर प्रमुखले प्रमुख प्रशासकिय**

**अधिकृतलाई र प्रमुख प्रशासकिय अधिकृतले मातहतका कार्यालयलाई दिनुपर्नेछ** भन्ने शब्दहरु राखिएका छन् ।"

७· **<u>नगर प्रहरी नियमावली, २०७५ मा संसोधन मा संसोधन :</u>** बेसीशहर नगरपालिकाको प्रहरी नियमावली, २०७५ को,

१) मुल नियमावलीको दफा २(क) मा स्थानीय शासन सट्टा स्थानीय सरकार र संचालन ऐन **२०७५** को सट्टा **२०७४** राखिएको छ।

२) दफा ११ (क) मा निरिक्षकको लागी योग्यता स्नातक राखिएको छ । सहायक निरीक्षकका लागि नगर प्रहरी हवाल्दारमा ७ वर्ष काम गरेको र नगर प्रहरी हवाल्दारको लागि नगर प्रहरी जवानमा ७ वर्ष सेवा पुरा गरेका भन्ने शव्दहरु थप गरिएका छन् ।

८· **<u>बेसीशहर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन २०७४ मा संसोधन :</u>** बेसीशहर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन, २०७४ को,

(१) दफा ४८ मा स्थानीय ऐनको दफा ४९ को उपदफा ८ को खण्ड (क) सम्म उल्लिखित बिषयमा तत्का अन्तरिम (ङ) देखि संरक्षणात्मक आदेश जारि गर्न सकिनेछ भन्ने शब्दहरुको सट्टा स्थानीय ऐनको दफा ४९ को उपदफा ८ को खण्ड (क) देखि (ङ) सम्म उल्लिखित विषयमा तत्काल अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिने छ भन्ने शब्दहरु संसोधन गरिएका छन् ।

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**